# प्रस्ताव एंव निर्णयहरू

## १) नमुना सडक विस्तार तथा निर्माण सम्बन्धमा

सरावल गाउँपालिका अन्तरगत श्रीनगर-कोठील्लाहा हुदै सरावल डिह चोक जोड्ने सडकलाई नमुना सडकका रूपमा विस्तार तथा निर्माण गर्नका लागि आवश्यक DPR,सर्भे सम्बन्धी कार्य यसै वर्ष सम्पन्न गर्न आवश्यक रकम रू ५०००००। पाँच लाख कन्टञ्जेसी खर्चबाट विनियोजन गर्ने र उक्त आयोजनालाई बहुवर्षिय आयोजनाका रूपमा अघि बढाउने निर्णय गरीयो ।

## २) वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा (IEE)

सरावल गाउपालिका क्षेत्र अधिकार भित्र रहेका नदी खोलाहरू झरही नदी (वार्ड नं.४ र ६),हुलासी खोला लगायत अन्यको आई.ई.ई गर्नका लागि आवश्यक प्रकृयाअगाडि बढाउने तथा सो बाट प्राप्त प्रतिबेदनका आधारमा नदीजन्य पदार्थको संकलन तथा उत्खनन् र वसार पसार तथा विक्री वितरणको आवश्यक प्रबन्ध गर्ने निर्णय गरीयो । उक्त कार्यको लागि परामर्श शिर्षक बाट रू ५०००००। पाचँ लाख विनियोजन गर्ने निर्णय गरीयो ।

## ३) एकीकृत सम्बन्धी कर सम्बन्धी कर सम्बन्धमा,

सरावल गाउँपालिका क्षेत्र भित्र आ.व.०७५।७६ देखि एकीकृत सम्पत्ति कर लगाउने र सो प्रयोजनका लागि राजश्व परामर्श समितिमा आवश्यक परामर्श र छलफल गरी प्राप्त प्रतिबेदनका आधारमा थप निर्णय आगामी बैठक बाट आवश्यक निर्णय लिने निर्णय गरीयो।

## ४) क्षमता विकास सम्बन्धमा

सरावल गाउँ कार्यपालिका अन्तरगत पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम अन्तरगत कम्प्युटर सीप तथा अन्य आवश्यक क्षमता विकासका लागि कार्यक्रम संचालन गर्ने निर्णय गरीयो।

५) अवलोकन भ्रमण कार्यक्रमलाई व्यवस्थित गर्नको लागि बमोजिमको सदस्य रहने गरी व्यवस्थापन समिति गठन गर्ने निर्णय गरीयो ।

१.चन्दा देबी चौधरी

२.जोखु प्रसाद गौड